महाशिला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ३६ मितिः २०७५/०९/०४

**भाग-२**

**महाशिला गाउँपालिका**

## महाशिला गाउँपालिकाका संगठित संस्थालाई आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति: २०७५।०९।०३

**प्रस्तावनाः**

महाशिला गाउँपालिकाले विभिन्न संगठित संस्था( युवा क्लव, आमा समुह आदि) लाई प्रदान गरिने आर्थिक सहायतालाई छिटो, छरितो, मितब्ययी, पारदर्शी एवं प्रभावकारी रुपमा प्रवाह गर्न र सहायता प्राप्त गर्नेहरुलाई अनुशासित, जबाफदेही, उत्तरदायी बनाई परिणाम हासिल गर्न, महाशिला गाउँपालिकाको कोषको सही सदुपयोग गर्न र गराउन, स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४(क) बमोजिम खेलकुद विकास प्रर्वदन तथा विभिन्न प्रतियोगिताको माध्यमबाट स्थानीयको अर्न्तनिहित क्षमताको प्रष्फुटन गर्ने उदेश्यले महाशिला गाउँकार्यपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ ।

१.

१.१आर्थिक सहायता प्रदान गर्न सकिने तपशिलको प्रतियोगितामा सगठित संस्थाले यसै कार्यविधि बमोजिम तोकिएको प्रकिया पूरा गरी वडा कार्यालयको सिफारिसमा अध्यक्षले कार्यक्रमको प्रकृति र औचित्य हेरी प्रथम पुरुस्कार प्रयोजन गर्न सक्ने छ ।

क स्थानीयको प्रतिभाको प्रस्फुटन हुने वडास्तरीय विभिन्न रचनात्मक प्रतियोगिता

खं वडा स्तरीय विभिन्न खेलकुद प्रतियोगिता

१.२ उफदफा १ मा जुनसुकै कुरा भनिएतापनि एकै पटक एउटै संस्थाले धेरै खेलकुद आयोजना गरेको खण्डमा कुनै एक मुख्य प्रतियोगितालाई मात्र सहयोग उपलब्ध हुनेछ ।

## २. सहायता प्रदान गर्ने तरिकाः

महाशिला गाउँपालिकाले आर्थिक सहयोग उपलव्ध गराउँदा सम्बन्धित वडा कार्यालयको सिफारिसको अतिरिक्त निम्न प्रक्रिया अवलम्वन गर्नेछ ।

क) सम्वन्धित संगठित संस्थाको निवेदन ।

ख) सम्भव भएसम्म संगठित संस्था दर्ता प्रमाणपत्र र विद्यानको प्रतिलिपि ।

ग) संगठित संस्थाको प्रतियोगिता आयोजन गर्ने, उपलब्ध गराउने विभिन्न पुरुस्कार र सहयोग मागको निर्णयको प्रतिलिपि ।

घ) खेलकुद आयोजना गरेका विभिन्न तस्विरहरु

ङ) खेलकुद प्रश्चात विजयी टिमको नाम सहितको निर्णयको प्रतिलिपि

## ३. स्विकृत आर्थिक सहयोगको भुक्तानी

दफा १ र २ बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भएमा प्रमुख प्रशासकीय अधिकृतले गाउ सभाबाट विनियोजित मिल्दो शीर्षकको बजेटबाट निवेदकलाइ प्रथम पुरुस्कार बरावरको आर्थिक सहयोग उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

## ४. एक संस्थालाई एक पटक मात्र सहयोग उपलब्ध गराउन सकिने

माथि जुनसुकै कुरा लेखिएको भएतापनि एक संस्थालाइ एक आर्थिक वर्षमा एकपटक भन्दा बढी आर्थिक सहयोग उपलब्ध गराइने छैन ।

## ५. बिबिध

५.१ बाझिएमा : यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानुन संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुने छ ।

५.२ कारबाही : यस कार्यविधि विपरित आर्थिक सहयोग वितरण गरिएमा, त्यस्तो निर्णय वा आदेश दिने, आदेश दिन वा निर्णय गर्न सिफारीस तथा सहयोग गर्ने पदाधिकारी तथा कर्मचारीबाट असुल उपर गरिने छ ।

५.३ यसै कार्यविधि बमोजिम भए गरेको मानिने: यस अघि यस गाउँपालिकाबाट विभिन्न संस्थालाई दिइएको आर्थीक सहयोग वा सहायता यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

**प्रमाणिकरण मिति : २०७५।०९।०३**

**आज्ञाले,**
**नामः किसान बहादुर क्षेत्री**
**प्रमुख प्रशासकीय अधिकृत**